म.नि. प्र. का. द.नं. : १७६ / ०६८, वर्ष ११, अंक १५९ आइतवार, २ माघ २०७८ चुर्वदशी ने. सं. ११४२ पोहेलाख्य 16 January, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३ / -

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

अब महिलाहरुको लागि महिला रोग विशेषज्ञ
डा. ज्योति मुडवरी मात्र देउराली फर्मामा
त्यसैले आज नै सम्पर्क गरौं
सम्पर्कः देउराली फर्मा
फोन: ०५७-२५८६३, ९८६५०१२५८८
९८४५८८३५३३
साथै हामीकहाँ दैनिक हार्ड जोर्नी तथा नशा रोग विशेषज्ञ डाक्टरको पनि उपलब्ध छ ।

हेटौंडामा मास्कको खुलेआम कालोबजारी

महामारीका बेला सर्वसुलभ, सुपथ मूल्यमा मास्क उपलब्ध गराएर कोरोना संक्रमण न्यूनीकरणमा योगदान पुऱ्याउनेतर्फ स्वास्थ्य संस्थाले कुनै वास्ता देखाएको छैन । उल्टै बढीभन्दा बढी मुनाफा लिँदै दिनानुदिन लाखौं लुट्ने प्रयत्नमा हेटौंडाका मेडिकल, फार्मेसी र स्वास्थ्य संस्था देखिएका छन् ।

साझाकुरा संवाददाता

हेटौंडा/कोरोना महामारीको मौका छोप्दै हटौंडामा मास्कको खुलेआम कालोबजारी भइरहेको छ । बढीमा पाँच रुपैयाँसम्म पर्ने सर्जिकल मास्कलाई बजारका मेडिकल र फार्मेसीहरुले १० रुपैयाँमा बिक्री गरिरहेका छन् ।

मेडिकल र फार्मेसीमात्र नभई किराना, कपडा, मोबाइललेखि धाडि पसलसम्मले मास्क बिक्रीका लागि राखेर खुलेआम कालोबजारी गरिरहेका हुन् । सर्जिकल मास्क खरिद गर्दा डेढदेखि ३ रुपैयाँसम्म पर्न जाने नेपाल औषधि व्यवसायी संघ मकवानपुरले जानकारी दिएको छ ।

तर, हेटौंडाका मेडिकलदेखि किराना पसलसम्मले कानूनले तोकेभन्दा बढी मूल्य लिएर मास्क बिक्री गरिरहेका छन् । कानूनतः खरिद गरेको मूल्यमा २० प्रतिशत नाफा राखेर बिक्री गर्नुपर्ने प्रावधान छ ।

कानूनी प्राधानलाई कुल्चिंदै व्यवसायीहरु खुलेआम कालोबजारी गरिरहेका छन् । कोरोना महामारीपछि हेटौंडामा १० रुपैयाँमा सर्जिकल मास्क र दुईसय रुपैयाँमा के-९५ मास्क बिक्री भइरहेको हो । औषधि व्यवसायी संघ मकवानपुरका अनुसार के-९५ मास्क ५० रुपैयाँ मात्रै पर्छ । हेटौंडाका राममणि न्यौपाने सर्जिकल मास्क किन्न शुक्रबार १ नम्बर बडास्थित अन्सारी फार्मेसीमा पुगे ।

उनले मास्क १० रुपैयाँमा किने । त्यस्तै हेटौंडा-१ कै सम्पूर्ण औषधि पसल र सक्षम औषधि पसलमा पुगेर न्यौपानेले २० रुपैयाँमा दुई-दुई वटा मास्क किने । मास्क किन्दा ठगिएको भन्दै न्यौपाने साझाकुराको सम्पर्कमा आए ।

'कोरोना महामारीको संक्रमण बढिरहेको छ । मलगायत सर्वसाधारणलाई मास्कको धेरै आवश्यकता परिरहेको अवस्थामा हेटौंडाका मेडिकल र फार्मेसीबाट ठगी भइरहेको छ । म मास्क किन्दा ठगिएको छु ।,' न्यौपानेले गुनासो पोखे । 'मैले भर्खरै मास्क १० रुपैयाँमा किनेको हो । मैले एकवर्ष अघिदेखि १० रुपैयाँमा मास्क किनिरहेको छु ।,' मानस चोकस्थित एक किराना पसलमा मास्क खरिद गरेपछि रविन डुंगानले सुनाए । 'राप्तीरोडमा रहेका सबैजसो मेडिकल तथा फार्मेसीले मास्कलाई १० रुपैयाँ लिएर बिक्री गरिरहेका छन् ।,' हेटौंडा-७ की आशा तिमल्सिनाले गुनासो गरिन् ।

विगत दुईवर्षदेखि मास्कमा कालोबजारी भइरहेपनि कालोबजारी नियन्त्रण गर्ने निकाय जिल्ला प्रशासन कार्यालय मकवानपुर भने मुगदर्शक भएर बसिरहेको सर्वसाधारणको गुनासो छ । 'सिडिओले चाहे भने के गर्न सक्दैन्न् । भर्खरै कालोबजारीलाई कोच्नसक्ने अधिकार हातमा छ । छुद्के अनुगमन गरेर सबैलाई तह लगाउन छोडेर के गरिरहेका छन् कुन्नी ?,' एक सर्वसाधारणकी प्रश्न छ । यता जिल्ला प्रशासन कार्यालय भने १० रुपैयाँमा मास्क खरिद गरेको बिलसहितको प्रमाण खोजिरहेको छ ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी (सिडिओ) भरतमणि पाण्डेले मास्क १० रुपैयाँमा खरिद गरेको बिलसहितको प्रमाण दिए तत्काल कालोबजारीको मुद्दामा पकाउ गर्ने बताउँछन् । 'मास्कमा कालोबजारी भइरहेको गुनासो धेरै आएको छ । 'हामीलाई प्रमाण नै आएको छैन् । प्रमाण नै नभई कसैलाई मुद्दा लगाउन त मिलेन नि ।,' उनले भने । सिडिओ पाण्डेले बजारमा सादा पोशाकमा कालोबजारीहरुको खोजी गर्न कर्मचारी खटाएको बताएका छन् ।

उनले खरिद मूल्यको २० प्रतिशतभन्दा बढी फाइदा लिएर मास्क बिक्री गरेको पाएमा कानूनअनुसार कारवाही गर्न आफू तयार रहेको बताए । हेटौंडाकी बजार क्षेत्रका फुटपाथमा समेत खुलेआम रुपमा अत्यधिक नाफा लिएर मनपरी मूल्यमा मास्क वितरण गरिरहेकी छ ।

मास्क उपलब्धतामा सहजता भएपनि कालोबजारी नियन्त्रणमा नजाउँदा भने सर्वसाधारण दिनहुं ठगिन बाध्य भएका छन् । एउटै मास्कमा ७ रुपैयाँसम्म फाइदा खाएर बिक्री गर्न पक्किएकाहरुलाई प्रशासनले कानूनी दायरामा ल्याउँदै सर्वसाधारणहरु ठगिनबाट मुक्त हुन सक्नेछन् ।

नेपाल औषधि व्यवसायी संघ मकवानपुरका अध्यक्ष सुधिर दहालले प्रतिमास्क पाँच रुपैयाँसम्म बिक्री गर्न व्यवसायीहरुलाई अनुरोध गरेको बताउँछन् । 'मास्कमा कालोबजारी भइरहेको गुनासो हामीसँग पनि आएको थियो । यसअघि नै हामीले मास्क ५ रुपैयाँमा बिक्री गर्न अनुरोध गरेका छौं ।,' दहालले भने । मास्कमा कालोबजारी गर्नेलाई कानूनी दायरामा ल्याउन प्रशासन-संगपनि अनुरोधपनि गरेको संघका अध्यक्ष दहालले बताए । उनले सामान्य र सर्जिकल मास्क खरिद गर्दा डेढदेखि ३ रुपैयाँसम्म पर्न जाने भन्दै अधिकतम ५ रुपैयाँसम्म बिक्री गर्नुपर्ने बताए ।

संघको शुक्रबार बसेको बैठकले मास्कलगायतका स्वास्थ्य सामग्रीको मूल्य निर्धारणपनि गरेको छ । सर्जिकल मास्क ५ रुपैयाँ र के-९५ मास्क ५० रुपैयाँ मूल्य तोकेको अध्यक्ष दहालले जानकारी दिए ।

'संघको शुक्रबार बसेको बैठकले मास्क, पल्स अक्सिमिटर, थर्मलगन, डिजिटल थर्मिमटर, फेस शिल्ड, सेनिटाइज लगायतका स्वास्थ्य सामग्रीको मूल्य निर्धारण गरेको छ ।

प्रचलित मूल्यभन्दा बढी लिएको देखिएकामा कारवाही गर्न प्रशासनलाई आग्रह गरेका छौं ।' अध्यक्ष दहालले भने, 'महामारीको बेला सहयोग गर्न छोडेर अप्ठेरोमा फाइदा उठाउन खोजे राम्रो हुँदैन् ।,'





सिडिओ पाण्डेले भने- मास्क १० रुपैयाँमा खरिद गरेको बिलसहितको प्रमाण दिनूस्, तत्काल कालोबजारीको मुद्दामा पकाउ गर्छु ।

औषधि व्यवसायी संघ भन्छ- सर्जिकल मास्क ५ र के-९५ को ५० रुपैयाँ मूल्य तोकिएको छ ।

पर्वले एउटै सुत्रमा बाँध्ने काम गर्छ: *प्रदेश प्रमुख*

साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्मले माघे संक्रान्ति पर्वको सम्पूर्ण नेपालीहरुमा शुभकामना व्यक्त गरेका छन् ।

भौगोलिक, जातीय र सांस्कृतिक विविधताले भरिपूर्ण देश नेपालमा माघे संक्रान्तिलाई उत्साहपूर्वक मनाउने समुदायका लागि प्रदेश प्रमुख शर्मले शुभकामना व्यक्त गरेका हुन् ।

शर्माले शुभकामना सन्देश जारी गर्दै सबै समुदायले मनाउने चाडपर्वहरु राष्ट्रिय पर्व भएको उल्लेख गरेका छन् । उनले शुभकामना सन्देशमा भनेका छन्, 'यस्ता पर्वहरुले हामी नेपालीलाई फाइदा खाएर बिक्री गर्न पक्किएकाहरुलाई प्रशासनले कानूनी दायरामा ल्याउँदै सर्वसाधारणहरु ठगिनबाट मुक्त हुन सक्नेछन् ।

नेपाल औषधि व्यवसायी संघ मकवानपुरका अध्यक्ष सुधिर दहालले प्रतिमास्क पाँच रुपैयाँसम्म बिक्री गर्न व्यवसायीहरुलाई अनुरोध गरेको बताउँछन् । 'मास्कमा कालोबजारी भइरहेको गुनासो हामीसँग पनि आएको थियो । यसअघि नै हामीले मास्क ५ रुपैयाँमा बिक्री गर्न अनुरोध गरेका छौं ।,' दहालले भने । मास्कमा कालोबजारी गर्नेलाई कानूनी दायरामा ल्याउन प्रशासन-संगपनि अनुरोधपनि गरेको संघका अध्यक्ष दहालले बताए । उनले सामान्य र सर्जिकल मास्क खरिद गर्दा डेढदेखि ३ रुपैयाँसम्म पर्न जाने भन्दै अधिकतम ५ रुपैयाँसम्म बिक्री गर्नुपर्ने बताए ।

संघको शुक्रबार बसेको बैठकले मास्कलगायतका स्वास्थ्य सामग्रीको मूल्य निर्धारणपनि गरेको छ । सर्जिकल मास्क ५ रुपैयाँ र के-९५ मास्क ५० रुपैयाँ मूल्य तोकेको अध्यक्ष दहालले जानकारी दिए ।

'संघको शुक्रबार बसेको बैठकले मास्क, पल्स अक्सिमिटर, थर्मलगन, डिजिटल थर्मिमटर, फेस शिल्ड, सेनिटाइज लगायतका स्वास्थ्य सामग्रीको मूल्य निर्धारण गरेको छ ।

प्रचलित मूल्यभन्दा बढी लिएको देखिएकामा कारवाही गर्न प्रशासनलाई आग्रह गरेका छौं ।' अध्यक्ष दहालले भने, 'महामारीको बेला सहयोग गर्न छोडेर अप्ठेरोमा फाइदा उठाउन खोजे राम्रो हुँदैन् ।,'

गणेशमान सिंह मार्ग निर्माणमा तीब्रता

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरको उत्तरी क्षेत्रमा पर्ने 'गणेशमान सिंह मार्ग'को नामले परिचित चन्द्रागिरि सडकको स्तरोनतीमा तीब्रता दिइएको छ ।

बितेको एक वर्षको अवधिमा थानकोटबाट दुई हजार ५ सय मिटरदेखि ८ हजार २४० मिटरसम्मको सडकको 'ट्रयाक बिलयर' भइसकेको छ । यस अवधिमा ३ हजार १५० मिटर सडकमा मेसिनरी बाल उठाउने, ३ हजार ४२० मिटर सडकसम्म डाउन गर्ने, ३ हजार ५८० मिटर सडकसम्म २ मिटर माटो गर्ने, ३ हजार ७८० मिटरसम्म ढिस्को काट्ने, पहिरो हटाउने, खोप्पीको मोडलाई २४ मिटरको रेडियसमा घुमाउनेलगायतको काम भएको छ ।

रक कटिङ गर्नेदेखि सेतो पहरालाई समेत छिचोल्ने छ । यस्तै ७ हजार ९ सय मिटर सडकमा २२ मिटर अगाडि अर्को मोड बनाएर ढिस्को कटिङ गरेर नमूना प्राकृतिक वालसमेत निर्माण गरिएको छ । नेपाल सरकारको २०६९ जेठ ११ को निणर्यले यो मार्गलाई सहायक मार्गमा वर्गीकरण गरिएको छ । यो सडक कळमाडौंघमाकेट चेकपोस्टबाट सुरु भई, पानीघाट, चन्द्रागिरी भन्ज्याङ, चित्लाङ, नारायणहिटी, बिसिङ्खोल, नौबण्डे सम्म रहेको छ । २२ दशमलव ५ किमि लम्बाइ रहेको यो सडकको काठमाडौंतर्फ ८ दशमलव ३ किमि र मकवानपुर तर्फ १४ दशमलव २ किमि पर्छ ।

सडक स्तरोन्नतिका लागि २०७०/०७१ देखि छुट्टै कार्यालय स्थापना गरी काम अघि बढाइएको थियो । किरितेश्वर कन्स्ट्रक्सन एन्ड ट्रिलिङ कम्पनीले २०७६ साउन १७ गते सम्झौता गरी काम अघि बढाएको थियो । कम्पनीले थानकोट चेकपोस्टदेखि चन्द्रागिरि भन्ज्याङसम्म ६ करोड रुपैयाँ लागतमा ठेक्का लिएको थियो ।

भौगोलिक कठिनाइ र अनावश्यक विवादका कारण काममा केही ढिलाइ भए पनि पछिल्लो समय रफ्तारमा काम भइरहेको निर्माण कम्पनीले बताएको छ ।

यो मार्गले ऐतिहासिक महत्व बोकेको छ । चन्द्रागिरि सडकसँग पृथ्वीनारायण शाहको एकीकरण अभियानदेखि राणाहरुको सवारीसाधन बोकेर ल्याउने साइनो जोडिएको छ । तत्कालीन सांसद रामलाल थेरुको पहल र चित्लाङका अगुवा बाबुकाजी मानन्धरलगायतको अग्रसरतामा स्थानीयले विसं २०१८ सालदेखि २०२३ सालसम्म पाँच वर्ष लगातार श्रमदान गरेर ट्रयाक खोलेका थिए ।

२०७१ सालमा विस्तृत परियोजना प्रतिवेदन तयार गरी स्तरीकरण सुरु गरिएको यो सडकको अहिले काठमाडौंतर्फको काम भइरहेको छ । विभिन्न कारणले बारम्बार सडक निर्माण अवरुद्ध भएपछि गत वर्ष ११ साउनमा तत्कालीन प्रदेश सरकारका भौतिक पूर्वाधार विकासमन्त्री रामेश्वर फुयालको उपस्थितिमा मकवानपुरको थाहा नगरपालिका ९ स्थित चित्लाङमा बृहत् जनसहभागितामा सरोकार समिति गठन गरिएको थियो ।

सडक निर्माणले लय समातेपछि स्थानीय पनि खुसी छन् । त्यसो त सडक सरोकार समितिलाई थाहा नगरपालिकाको बजयराही, टौखेल, कनेटुं, बिसिङ्खेल, चित्लाङलगायतका स्थानीयले आर्थिक सहयोग समेत गरिरहेका छन् । विगतमा दैनिक २ देखि ३ घण्टा मात्रै सडक बनाउने गरि एकोमा पछिल्लो एक वर्षयता बिहान ६ बजेदेखि राति ८ बजेसम्म काम हुँदै छ । समितिले कामलाई तीव्रता दिन र मेसिनको हेरचाहका लागि तीन जना स्थानीयलाई राति कार्यस्थलमा खटाएको छ ।

यो सडक निर्माणमा सभासद सुभाषचन्द्र ठकुरीको सक्रियता बढ्दो छ । विगत एक वर्ष यता ठकुरी दिनहुँजसो निर्माण स्थलमा पुगेर निरीक्षण गर्ने र प्रगति विवरण लिने गरेका छन् । आर्थिक विकासको सहयोगमा ।

उत्तरी क्षेत्रमा तापक्रम माइनस

साझाकुरा संवाददाता

हेटौंडा/शनिबार बिहानदेखि मकवानपुरको उत्तरी क्षेत्रको तापक्रम माइनस डिग्रीमा देखिन थालेको छ ।

जिल्लाको उत्तरी क्षेत्र थाहा नगरपालिकास्थित दामन, सिम्भन्ज्याङलगायतका क्षेत्रमा तापक्रम माइनस २ डिग्रीसम्म पुग्नेगि जनजीवन प्रत्यक्ष प्रभावित भएको छ । जिल्लाको बरगुवाकाम हेटौंडा, चौपडा बजार, मनहरी बजारलगायत केही समयल भू-भागमा बिहानैदेखि हुस्सु लागेको छ ।

हेटौंडाको तापक्रम भने, न्यूनताम ९ डिग्री रहेको छ । त्यस्तै पश्चिमी क्षेत्र मनहरी र पूर्वी मकवानपुरको बकैयाको तापक्रम १० डिग्री रहेको छ भने मकवानपुर गढी दरबार क्षेत्रको तापक्रम ८ डिग्रीमा झरेको छ । भीमफेदी र इन्द्रसरोवर गाउँपालिका क्षेत्रको तापक्रम भने ६ डिग्री रहेको छ ।

नागस्वती सेमिफाइनलमा

हेटौंडा/हेटौंडा-७ नागस्वती मकवानपुरको उत्तरी क्षेत्र थाहा नगरपालिकामा जारी तेस्रो थाहा गोल्डकपको सेमिफाइनलमा प्रवेश गरको छ ।

शनिबार भएको क्वाटर फाइनल खेलमा ३-० गोलले पछाडी परेको अवस्थामा हेटौंडा-७ ले माटंक्स्ल एफसीलाई ५-४ गोलअन्तरले परजित गर्दै नागस्वती सेमिफाइनलमा प्रवेश गरेको हो ।

शनिबारनै भएको पहिलो खेलमा ऋषेश्वर ११ 'बी' फुटबल क्लबले ७ नं. वडा थाहा नगरपालिका चित्लाङलाई ३-० गोलअन्तरले पराजित गर्दै क्वाटर फाइनलमा प्रवेश गरेको छ । खेलमा मकवानपुरसहित बारा, धादिङ तथा काठमाडौंका गरी २६ टिमको सहभागिता रहेको प्रतियोगिताको उपाधि विजेताले १ लाख रुपैयाँ प्राप्त गर्नेछ भने उपविजेताले ५० हजार रुपैयाँ पाउनेछ ।

आजदेखि कोरोनाविरुद्ध बुस्टर मात्राको खोप दिइने

काठमाडौं (रासस)/ सरकारले आजदेखि कोरोना भाइरसविरुद्धको 'बुस्टर' मात्रा खोप दिने भएको छ ।

अग्रपङ्क्तिमा काम गर्ने व्यक्तिलाई माघ २ गतेदेखि र ६० वर्षभन्दा माथिका सबै ज्येष्ठ नागरिक र खोपको पूर्ण मात्रा लगाएको ६ महिना पूरा भएका व्यक्तिलाई माघ १४ गतेदेखि 'बुस्टर' मात्राको खोप दिइने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

'बुस्टर' डोजका लागि मन्त्रालयले प्रदेश स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र र ७७ वटै स्वास्थ्य कार्यालयलाई निर्देशन दिइसकेको छ । 'बुस्टर' डोज कोरोना भाइरसविरुद्धको पूर्ण मात्रा खोप लगाएका छ महिना पूरा भएका व्यक्ति, अग्रपङ्क्तिमा र ६० वर्षभन्दा माथिका तथा रोग प्रतिरोधात्मक क्षमता कम भएका सबैलाई दिइने मन्त्रालयका सहप्रवक्ता डा समीर कुमार अधिकारीले जानकारी दिए । रोग प्रतिरोधात्मक क्षमता कम भएका बिरामीमा सक्रिय क्यान्सर रोगी, अंग प्रत्यारोपण गरेका बिरामी, एचआइभी भएका बिरामी, उपचारका क्रममा रोग प्रतिरोधात्मक क्षमता कम गराउने औषधि सेवन गरेका बिरामी पर्दछन् ।

कोरोना भाइरस संक्रमण बढ्देगैं सरकारले 'बुस्टर' डोज दिन थालेको हो । 'बुस्टर' डोजमा पहिले जुन खोप लगाएको हो सोही खोप लगाउनुपर्ने हुन्छ । कोभिड-१९ खोप सल्लाहाकार समितिले 'बुस्टर' डोज खोप लगाउन सरकारलाई सुझाव दिइसकेको छ ।

साझाकुरा

हाम्रो कुरा

भूकम्पबाट जोखिने संयन्त्र निर्माण आवश्यक

आज आइतबार २३ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवस मनाइँदैछ । वि.सं. १९९० साल माघ २ गते गएको महाभूकम्पको स्मरणमा २०५५ सालदेखि बर्सेनि राष्ट्रिय भूकम्प सुरक्षा दिवस मनाउने गरिएको हो । नब्बे सालको भूकम्पले पुऱ्याएको मानवीय र भौतिक क्षतिको पीडाले गम्भीर पाठ सिकाएको र भूकम्पीय सम्भावना उच्च हुँदाहुँदै पनि हामीले भूकम्पबाट सुरक्षित हुन पर्याप्त तयारी गरेका रहेनछौं भन्ने पुष्टि २०७२ वैशाख १२ को भूकम्पले गरेको छ । आठ दशमलब तीन रेक्टर स्केलको नब्बे सालको महाभूकम्पपछि पनि नेपालमा २०४५ र २०६९ मा ठूलै भूकम्प गइसक्दा चेत नखुलेका नेपालीलाई २०७२ वैशाख १२ को अर्को विनाशकारी भूकम्पले केही चेत भने खुलाएको छ ।

भूकम्पविद्हरुका अनुसार भौगर्भिक हलचल, चट्टान तन्किने तथा खुम्चिने प्रक्रिया र कृत्रिम वस्तुको विस्फोटका कारण भूकम्प जाने गर्छ । नेपाल भूकम्पीय जोखिममा अग्रस्थानमा रहेको कुरा विभिन्न समयमा आएको विनाशकारी भूकम्पले पुष्टि गरिसकेको छ । भूकम्पीय जोखिमयुक्त विश्वका १ सय १८ मुलुकमध्ये नेपाल ११ औं स्थानमा छ । नेपालको इतिहासमा ठूला-ठूला विनाशकारी भूकम्प गएका छन् । नेपालमा वि.सं. १९९० साल माघ २ गते ८.४ रेक्टर स्केलको भूकम्प गएको थियो । यो प्रकोपबाट ८ हजार ५ सय १९ जनाको मृत्यु हुनुका साथै २ लाख ७ हजार ७ सय ४० वटा भौतिक संरचना भत्किएका थिए । यसैगरी, २०४५ सालमा पनि ६.६ रेक्टर स्केलको भूकम्प गएको थियो, जसमा ७ सय २१ जनाको मृत्यु हुनुका साथै ६५ हजार घर भत्किएका थिए । यस्तै, २०६९ मा ६.८ रेक्टर स्केलको भूकम्प जाँदा ६ जनाले ज्यान गुमाएका थिए भने दर्जनौं घाइते भएका थिए । पछिल्लो पटक २०७२ वैशाख १२ र २९ गतेको भूकम्पमा परेर आठ हजार ८ सय ९१ जना व्यक्तिको मृत्यु हुनुका साथै २२ हजार २ सय व्यक्ति घाइते भए । ६ लाख ८ हजार १ सय ५५ घर पूर्ण तथा २ लाख ९८ हजार ९ सय ९८ हजार घरगोठ आंशिकरुपमा क्षति भएको सरकारी तथ्यांकमा उल्लेख गरिएको छ । करिब ३ वर्षअघिको भूकम्पमा क्षति भएका अधिकांश सरकारी तथा निजी भौतिक संरचना अझैसम्म पुननिर्माण हुन सकेका छैनन् ।

भूकम्प विभिन्न प्राकृतिक प्रकोपमध्ये अत्यन्त शक्तिशाली, डरलाग्दो एवम् विनाशकारी विपत्ति हो । भूकम्प भौगर्भिक उथलपुथलका कारण पृथ्वीको धरातलमा कम्पन हुने या थर्कने प्रक्रिया हो । नेपालमा जुनसुकै बेला भूकम्प आउन सक्ने सम्भावना रहेको भूकम्पविद्हरुले औंल्याएका छन् । भूकम्पजस्तो प्राकृतिक प्रकोप मानवीय प्रयासबाट टार्न नसकिने ध्रुवसत्य भए पनि भूकम्पीय असर न्यूनीकरण गर्न भने अवश्य सकिन्छ । भूकम्पीय जोखिम घटाउन सकिने भएकाले यसका निम्ति आवश्यक चेतना एवम् प्रयास बढाउनु जरुरी छ । भूकम्पप्रतिरोधी संरचना निर्माणमा बाध्यकारी व्यवस्था गरिनुपर्छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

मक्वानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
बडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५९५०१
चिलाङ्ग चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७१९, ९८५५२०८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७५५,९८४१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
क्षतिवन रेडक्रस:	९८६१९२२१
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०४४०१
बडाबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२५८८२, ९८४५१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७४७
बाइरुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
महुदी नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक साझाकुरा

भोलिको पात्रो

भोलि वि.सं. २०७८ माघ २ गते सोमबार १७ जनवरी २०२१ । पुस शुक्ल पूर्णिमा । पोहेलाव्य पुन्हि ११४१ । सूर्योदय ६:५५ र सूर्यास्त ५:३२ मा हुनेछ । श्री स्वस्थानी व्रत कथा प्रारम्भ/माघ स्नान आरम्भ/पूर्णिमा व्रत ।

आजको राशिफल

मेष	: अध्ययनमा बाधा	तुला	: आफन्तजन भेट
वृष	: धन प्राप्ति	वृश्चिक	: भित्रजन भेट
मिथुन	: शत्रुबाट मुक्त	धनु	: प्रेममा सफलता
कर्कट	: धन नष्ट	मकर	: शुभ कार्यको थालनी
सिंह	: मिष्ठान्न भोजन	कुम्भ	: सुख प्राप्ति
कन्या	: आलश्यता	मीन	: यात्राको योग

थारू समुदायमा 'माघ'को मौलिकता

छविलाल कोपिला

थारू समुदायमा माघलाई नयाँ वर्षको रूपमा मनाइन्छ । यसलाई ठाउँ अनुसार माघ, माघी, माघे संक्रान्ति, झिचडी, झिचडा पनि भनिन्छ । माघ थारू समुदायको चाड मात्रै नभएर यस अवसरमा नयाँ रीति-थिति, नयाँ गणनेता र नीति-नियम निर्माण हुने गर्छ । गाउँको अगुवा बरघररदेखि चौकीदारसम्म चुनिने, वर्षभरिका लागि कसलाई के जिम्मेवारी दिने, घरको मूली को बन्ने ? लेनदेन घरसल्लाह लगायतका छलफल हुने भएकोले यसलाई नयाँ आर्थिक वर्षको रूपमा पनि लिने गरिन्छ ।

थारू समुदायमा पुस पहिनाको अन्तिम दिनलाई 'सुवर मर्ना' दिन भनिन्छ । यस दिन बिहानैदेखि सुंगुर मार्ने गरिन्छ । साँझ परेपछि आफ्नो इष्टमित्र, साथी भाइ कहाँ गएर जाँड, सुंगुरको मासु खाँदै पर्व गीत 'डमार' गाउँदै माघ पर्वको प्रारम्भ गर्छन् । त्यस दिन बरघरको घरमा गाउँभरिका मान्छेहरू जम्मा भई मादल, डफको तालमा डमार गाउँछन् । बँगनामा ठूल्ठूला मुडा बालेर धुनी जलाइन्छ । त्यही धुनी टप्दै उनीहरू जाँड खाँदै रातभरी जाग्राम बसेर डमार (डुमर) गाउने चलन छ ।

पहिलेका पुराना डमारमा प्रकृतिप्रेम, स्तुतिगान, प्रेमालाप र मनोरञ्जनको प्रभाव बढी भेटिन्थ्यो भने अहिलेको आधुनिक डमारमा भ्रष्टाचार, अन्याय, अत्याचार, शोषण, दमनप्रतिको वितृष्णा र मुक्ति, अधिकार, राष्ट्रियता, प्रकृति एवं शान्तिप्रतिको आशाका भाव झल्किन्छ । जुन गीतभित्रका गम्भीर अभिव्यक्तिले सकारात्मक चिन्तन, एकापसमा सदभाव र समयबोध गराउँछ । डमार गीतसँगै माघमा मघौटा नाच विशेष मानिन्छ । नाचमा मादल, झाल, क्स्टार बजाउँदै छाता ओढेर नाच्ने गर्छन् । मघौटा गीतको केही अंश :

'सखि ए हो ! माघक पिति गुरि जाँर सखि ए हो
कहाँ मैं लर्नेछु आग इमिलिया रे हाँ,
कहाँ लर्नेछु
सखि ए हो ! कौन पनि हिट्टि डनि डाँर सखि ए हो !

माघ १ गते महिलाहरू बिहान ढिकी/रोटी बनाउन उठ्छन् भने पुरुषहरू डमार गाउँदै, मादल, ढफ बजाउँदै नदी, कुलो, खोलानाला, घाट, जलसागरमा नुहाउन जान्छन् । थारू समुदाय प्रकृतिपूजक भएकोले यस पर्वमा उनीहरू 'कुबेरवर्ती' (जलदेवी) संग पानीमा डुबेर आफ्ना माग राख्छन् । यसरी मागे माग पुरा हुने जनविश्वास छ । नुहाउन जाँदा साथमा पिठो या चामलको टीका र तिलको ठाँठ लिएर जान्छन् । थारू समुदायमा सेतो टीका लगाउने चलन छ । सेतो टीकालाई चोखो अथवा पवित्र वस्तुको रूपमा लिइन्छ । त्यसैले माघ नुहाएर कुनै किसिमको गलत कियाकलाप नगर्ने प्रतिबद्धताका साथ सपथ खाइन्छ । त्यसैगरी आजको दिन तिलको ठाँठको आगो ताप्ने चलन छ । यसको आगो तापेमा मन पनि पवित्र हुन्छ भन्ने मान्यता छ थारू समुदायमा । त्यत्तिमात्रै होइन, आजको दिन नयाँ कपडा फेर्ने दिनको रूप पनि लिइन्छ । वर्षभरि पुराना लुगा लगाए पनि आजको दिन लुगा फेर्न सके राम्रो हुने पुरानोमुस्ताका जानकारहरू बताउँछन् ।

यसरी नुहाएर घरमा आई 'निखाउ' निकाल्ने चलन छ । निखाउ भनेको चामल, मासको दाल र नुनको पाइर हो । जुन आफ्ना चेलीबेटीहरूलाई पाइरको रूपमा दिने जाने चलन छ । निखाउ आफ्नो औकात हेरेर केही थप गरेर पनि दिने गरिन्छ । निखाउ निकालेर जन्म दिने आमा-बुबालाई ढोग गरेर आशिर्वाद लिने गरिन्छ । आमा-बुबा नभएकाहरूले आफ्ना घरमूली वा नजिकको नाता पर्ने ठूला बडाहरूसंग आशिर्वाद लिन्छन् । नाता अनुसार ढोग आशिर्वाद लिदै खानपिन पनि सुरु हुन्छ ।

समाजमा बसेपछि कलिलेकाहीं कसैसंग ठाकठुक पर्नु स्वाभाविकै हो । यसरी एकापसमा सेवासलाम लागेर अंकमाल गर्दा मेलमिलाप तथा सम्बन्ध प्रगाढ हुन्छ । त्यसैले माघलाई मेलमिलापको दिनको रूपमा पनि लिइन्छ । मानिसहरू खतन्त्र रूपमा माघ मनाएकै पहिले-पहिले घरमा पलिताका पयाहाक सुंगुर, भेडा-बाख्रा, गाई-गोरु, रौंगा-भैंसी पनि छुट्टाछुट्टैन्ये । कसैको बाली नोक्सानी गरेपनि त्यस दिन माफी हुन्थ्यो । तर, यो चलन अहिले छैन ।

माघमा सुंगुरको मासु, मेवाको अचार, मसिनो आलुको चट्नी, अन्डीको जाँड र लामो ढिकी खास परिकार बनाइन्छ । ढिकी थारू समुदायमा हरेक पर्वमा फरक फरक पकारका हुन्छ । माघमा लामो ढिकी हुन्छ । माघ पछि समय लामो हुने भएकोले लामो ढिकी बनाइको तर्क छ थारू समुदायमा । अर्को तर्कअनुसार माघमा लामो ढिकी खाएपछि आयु लामो हुने जनधारणा पनि छ । यो खोजको विषय हो, यद्यपि ढिकीमा थारू समुदायको मौलिकता झल्किन्छ । उमेर पुगेकाहरू घर-घरमा गएर



जाँड, सुंगुरको मासु खाँदै डमार गएर मनाएजस्तै ससाना बालबालिकाहरू घर-घरमा गई ढिकी मागेर रमाउने गर्छन् । उनीहरू समूह-समूह बनाएर घरमा पुग्छन् र कराउँछन् 'माघ मानै अइलि, डस्या-डेंवारि ।' यता घरका मूली महिलाले ती बालबालिकाहरूलाई ढिकी दिएर विदाई गर्छिन् । उनीहरू खुशी भएर उछिदै अर्को घर लाग्छन् । यो क्रम पनि दिनभरि चल्छ । तर, यो चलन अहिले हराउँदै गएको छ । गाउँमा डमार गाउने चलन पनि घट्दो छ ।

माघको दोष्रो दिन 'झिचडवा' । झिचडी पकाएर खाने दिन भएकोले 'झिचडवा' भनिएको हो । बुनियादी, रैठी, किसान, कमैया झिचडीसरै एक ठाउँ बसेर छलफलमा सहभागी हुने र समान व्यवहार गरिने भएकोले पनि 'झिचडवा' भनिएको हुनुपर्छ । आज कसैले कसैप्रति पदीय विभेद गर्न पाइँदैन । सबै स्वतन्त्र रूपमा बोल्न पाउने भएकोले दिल खोलेर छलफलमा सहभागी हुन्छन् ।

घरभित्रको आन्तरिक छलफल पनि जमेर हुन्छ । को, कुन कामको जिम्मा लिने, उमेर पुगेकाहरूको विवाह गर्ने नगर्ने, 'छारा' (बसाई सर्ने) जाने नजाने, घर छुट्टिने नछुट्टिने लगायतका कुराहरूको गम्भीर छलफल गरी पुन: एक वर्षको लागि जिम्मेवारी लिने-दिने काम हुन्छ । अधिया-बटैया गरी खेती किसानी गर्नेहरूका आफ्नो जमिनार कहाँ 'करै' रक्सी राख्ने कख्या जस्तै माटोको भाँडामा रक्सी लिएर माघ दिवानी गर्न जान्छन् । वर्षभरिको कामको समीक्षा गर्ने र पुन: जिम्मेवारी लिन-दिन गरिने छलफललाई माघ दिवानी भनिन्छ ।

अधिया-बटैयाको कुरामा सहमति भए दुबैले एक अर्कालाई सेवा-ढोग गरी खुशीयालीमा खानपिनसमै रमाउँछन् । र, पुन: डमार सुरु हुन्छ । यसरी गरिने कामको सम्झौता थारू समुदायमा अलिखित हुन्छ । जुन सम्झौता एक वर्षको लागि मात्रै हुन्छ, अर्को माघपछि स्वत: खारेज हुन्छ । माघको तेस्रो दिन 'भुरखेल' (ह्याल) गरिन्छ । भुरखेल भनेको गाउँभरिका किसान, जमिन्दार, रैतीहरूको बृहत मेला हो । मेलामा एक घरबाट एकजनाको अनिवार्य उपस्थिति हुनुपर्छ । आगामी वर्षको लागि गाउँका अगुवा पनि चुनिने भएकोले विशेष महत्व मानिन्छ । अगुवालाई ठाउँ विशेषअनुसार बरघर, कक्कर्दार, मन्मन्सा, माटहोंवा भनिन्छ । अगुवा चुनिएपछि कुलपानी हेर्ने अधरिया, पनेर्वा, गाउँको मर्वा (भूँइहार्यान)को हेरचाहका लागि चिरकिया, गाउँको रक्षक एवं हलाकीको रूपमा काम गर्ने चौकीदार पनि चयन गरिन्छ ।

बैठकमा यत वर्षमा थप गरिएका बाटो-घाटो, कुलानाला, सडक, धार्मिक पुजापाठ लगायत विकासको कामसम्बन्धि समीक्षा हुन्छ । नयाँ नीति-नियम बनाई नियम उल्लंघन गर्नेलाई दण्ड जरिवाना तोकिन्छ । यसरी लोकतान्त्रिक ढंगले थारू समुदायमा अगुवा चुन्ने, नीति-निर्माण गरिने भएकोले गाउँलाई पनि अनुशासित बनाउँछ । यसको महत्वलाई मध्यनजर गर्दै विगत केही वर्षयता बरघर समिति पनि गठन हुन थालेको छ । विभिन्न पालिकाले बरघर ऐन पारित गरी लागु समेत गर्न थालेका छन् । यस कार्यले अबको दिनमा बरघर प्रणालीमार्फत् परम्पराभन्दा पनि अझ लोकतान्त्रिक तथा समूद्ध संस्कृतिको विकास हुनेछ भन्ने आशा गर्न सकिन्छ ।

- साभार: रातोपाटी

बतास प्रकरणमा दोषी को ?

विजय थिमिरे

बतास समूहलाई जोडेर आएको अहिले विवाद सार्वजनिक अर्थात् सरकार वा चसका निकाय मातहत रहेको सम्पति निजी क्षेत्रले उपयोग गर्ने नीति र विधिसँग जोडिएको छ ।

व्यावसायिक घराना बन्दै गरेको बतास अर्गनाइजेसन अहिले चर्चा, बहस र विवादमा छ ।

बतास समूहले एक वर्षअघि नारायणहिटी दरबार संग्रहालयमा क्यान्टिन संचालन गर्ने ठेक्का पाएको थियो । यो समाचार सार्वजनिक भएपछि बिस्तारै ठूलो व्यावसायिक घरना बन्दै गरेको बतास समूह एकाएक मिडिया र समाजिक सञ्जालमा व्यापक चर्चामा आएको हो ।

बतास समूहलाई जोड़ेर आएको अहिले विवाद सार्वजनिक अर्थात् सरकार वा यसका निकाय मातहत रहेको सम्पत्ति निजी क्षेत्रले उपयोग गर्ने नीति र विधिसँग जोडिएको छ । निजी क्षेत्रसँग जोडिएका यस्ता विवाद पहिले पनि भएका थिए । विगतका विवाद छिनोफानो नलाग्दै सेलाएर गए । पछिल्लो समय अहिले बतास समूह चर्चामा आएको हो । यस्ता विवाद आउँदा सबै दोष निजी क्षेत्रमाथि थुपार्ने प्रयास हुनेगरेको छ ।

उद्यमी व्यवसायीको धर्म नाफा कमाउनु हो । व्यापार व्यवसायमा पूँजी लगाउने, कर्मचारी राख्ने, सबैको व्यवस्थापनलगायत अन्य जेरजाम गरेर उद्यमी व्यवसायीले नाफा लिन्छन् । यसमा जोखिम पनि छ । सबै उद्यम व्यवसाय नाफामा नै जान्छन् भन्ने हुँदैन । कहाँ कसरी व्यवसाय गरेर नाफा लिन सकिन्छ यो व्यवसायीले हेर्छ नै । तपाईहरुँग अहिले २० करोड रुपियाँ नगद भए के गर्नु हुन्छ ? दुई दशक अघि व्यवसायी पद्म ज्योतिलाई यो प्रश्न गर्दा उनले तत्काल जबाफ दिएका थिए- अर्को फ्याक्ट्री लगाउँछु । बीस करोड रुपियाँले उनलाई मात्र होइन उनका सन्तानलाई समेत आरामसँग जीवन यापन गर्न पुग्थ्यो ।

तर, फ्याक्ट्री लगाउँदा जोखिम हुन्छ । मजदुर कर्मचारी व्यवस्थापन गर्नुपर्यो, सामान बजारमा बिक्री गर्न सक्नुपर्यो, त्यसपछि बल्ल नाफा आउँछ । यो पैसा डुब्न पनि सक्छ । जोखिम लिएर लगानी गर्ने अटिले नै उद्यमी व्यवसायी हुने हो । टेलिफोन बुथ राखेर सुरु भएको बतास समूह यही विधिबाट फुल्दै हुँदै गएको हो । नारायणहिटी दरबार संग्रहालयमा खाजा खाने ठाउँ बिएन । सरकारमातहत रहेको नारायणहिटी दरबार संग्रहालय विकास समितिले त्यहाँ खाजा खाने रस्टुरां खोल्न दिने निर्णय गरी बोलपत्र आह्वान गर्यो । पहिलोपटक टेण्डरमा कसैले भाग लिएन ।

दोष्रो पटक सूचना निस्केपछि बतास समूह अगाडि आयो । त्यहाँ रेस्टुरां चलाउने जिम्मेवारी पायो । एक वर्षबापि कागजात भयो । बतासले भौतिक पूर्वाधार बनाउन सुरु गर्यो । बतासले त्यहाँ बनाइरहेको भौतिक संरचना ठेक्काको सर्तअनुसार भए नभएको हेर्न काम सरकारको सम्बद्ध निकायको हो । सर्त उल्लंघन गरिएको भए रोक्नुपर्छ । ठेक्का दिंदा नै रोक्ने अधिकार सुरक्षित राखिएको हुन्छ । तर, सम्झौता भएपछि भने सरकारले सर्तअनुसार काम गर्न दिनुपर्छ । निजी क्षेत्रले कामको अनुगमन गर्नुपर्छ । कानुनी राज्यमा यही हुन्छ । सम्झौताका सर्तलाई स्वीकार गर्न सबै बाध्य हुन्छन् ।

बतास समूहका अध्यक्ष आनन्दराज बतासले विभिन्न मिडियामार्फत आफूले प्रक्रिया पुर्याएर सार्वजनिक सम्पत्तिमा व्यवसाय चलाएको हुँदा गल्ती ठहरिए अदालतले सजाय दिएँ आफूलाई मान्य हुने बताएका छन् । सरकारको सम्बद्ध निकायले सर्तअनुसार नगर्ने हो भने त्यहाँ लागेको खर्च दिए आफू ती व्यवसायबाट अलग हुने चुनौतीसमेत उनले दिएका छन् । सरकारलाई उक्त स्थान निजी क्षेत्रलाई रेस्टुरां खोल्न दिन् उपयुक्त भिएन भन्ने लागेको थियो भने टेन्डर नै निकाल्नु हुन्थेन । त्यस बेला गल्ती भयो भन्ने लागे प्रचलित कानुन र सम्झौताका सर्तभित्र रहेर सरकारले फिर्ता लिन पनि सक्छ । बतास समूहले यो बाटो पनि खुला गरिदिएको छ । सरकारलाई निजी सम्पत्ति समेत क्षतिपूर्ति दिएर प्राप्त गर्न सक्ने अधिकार हुन्छ । तर, एक वर्षअघि सम्झौता गरेर काम गर भनेर दिने पछि जबर्जस्ती संरचना भत्काउने न्यायसँगत हुँदैन । यस्तो मा जसले गरेको भए पनि त्यो सस्तो लोकप्रियताका लागि हो देखाइएको सनक हो ।

शक्तिको माझमा भएको बलमिच्याई हो । सरकारको यस्तो रवैयाले निजी क्षेत्र हतोत्साहित हुन्छ । भएको पनि छ । संसारका प्राय: पर्यटन स्थलमा सोभिनियर सप, चमेनागृह हुन्छन् । यहाँ पनि हुनु स्वाभाविकै हो । न्यू योर्कको स्टयाचु अफ् लिबर्टी विश्वकै पर्यटकको भिडभाड हुने संग्रहालय हो । वासिङटन डीसीलाई त संग्रहालयको सहर भन्दा पनि हुन्छ । प्राय: सबै संग्रहालयमा नि:शुल्क प्रवेश पाइन्छ । त्यहाँ पनि सोभिनियर सप र खाने ठाउँ छ । यो सञ्चालन गर्न दिएबापत संग्रहालयले पनि आम्दानी गरेका हुन्छन् । सबै राष्ट्रसँग मित्रविषाद चलिरहेको छ । विश्वकै पोलो आफ्नो क्षेत्र निकुञ्ज अमेरिकाको एलोस्टोन हो । त्यहाँभित्र पनि होटल, रेस्टुरां सबै छन् । सरकारले तोकेको नियमभित्र रहेर मजाले चलेका छन् ।

केही वर्ष अघि चितवनको राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र होटल राख्न दिने नदिने विषयमा बहस चल्यो । भित्रका होटलले जंगल मारे, वातावरण बिगारे भन्दै आन्दोलनसमेत भयो । भित्रका होटल व्यवसायीले नहटाउन आग्रह गरिरहेका थिए । विरोध गर्नेको भिड ठूलो देखेपछि सरकारले निकुञ्ज भित्रका होटल हटाउने निर्णय गर्यो । भित्र होटल राख्न दिनु हुँदैन भन्दै सडकमा आउने सौराहाका पर्यटक व्यवसायी त्यसरी विरोध गरेकोमा अहिले पछुताएका छन् । निकुञ्जभित्र होटल राख्दा नेपालाई फाइदा नै पुगेको थियो । आफूहरुबाट गल्ती भएको सकर्दै एक होटल व्यवसायीले भनेका थिए- भित्रका होटल बन्द हुँदा विश्व बजारमा सौराहाको पर्यटन व्यवसायलाई समेत हानि पुगेको छ । नाफाका लागि काम गर्ने निजी क्षेत्र सकेसम्म आफूलाई बढी फाइदा हुने सर्तमा काम गर्न चाहन्छ । तर, करोडौं लगानी गर्दा पनि फाइदा हुन्छ नै भन्ने ग्यारेन्टी भने हुँदैन । व्यवसाय गर्न केही न केही भौतिक पूर्वाधार चाहियो, कर्मचारी राख्नुपर्यो । व्यवसाय सुरु गर्नेबित्तिकै पैसा आईहाल्ने पनि होइन । समय लाग्छ । पैसा डुब्ने जोखिम पनि हुन्छ । मेरो पैसा लगाउँछु, संरचना बनाउँछु, रोजगार दिन्छु भन्ने निजी क्षेत्र कसरी दोषी हुन्छ ? बतासलगेंग जोडिएको धर्मशालामा पनि भएको यही हो ।

बतासलाई उक्त जिम्मेवारी दिंदा कर्मचारी, राजनीतिक नेताले अनियमित रुपमा लेनदेन गरेका रहेछन् भने त्यहाँ कानुनबमोजिम कारबाही हुनुपर्छ । यसका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतका निकाय छन् । निजीक्षेत्रमा पनि समस्या छ ।

परिपक्वताको कमी देखिन्छ । प्रतिस्पर्धामा आफ्नो जित भएन भने आफ्नो पहुँचमा भएको शक्तिकेन्द्रमा गएर र त्यसलाई विवादमा ल्याइहाल कैजैजस्तो गरिन्छ । यसलाई सुधार्नु निजी क्षेत्रकै हितमा हुन्छ । सार्वजनिक सम्पत्ति सबैको साझा हो । उपयुक्त स्थानमा निजी क्षेत्रलाई उपयोग गर्न दिने सरकारी नीति नै छ । यो नीति बनाउने जनताले चुनेका प्रतिनिधि नै हुन् । तर, निजी क्षेत्रलाई दिंदा के आधारमा उक्त समूहलाई दिइयो भन्नेमा यसमा सरकार जवाफदेही हुनुपर्छ ।

स्वच्छ प्रतिस्पर्धाको वातावरण सरकारले बनाउनुपर्छ । निर्णय गर्दा सरकारका सम्बद्ध पदाधिकारी जिम्मेवार र असल भइदिने हो भने यस्ता विवाद नै आउँदैनन् । बतास प्रकरणमा उत्पन्न अहिलेको बहसलाई तर्कसंगत टुंगोमा पुर्याउन सकियो भनेमात्र सरकार निजी क्षेत्र साझेदारी सफल हुन्छ । होइन भने यो चर्चा पनि केही दिनपछि त्यसै सेलाएर जानेछ । *- साभार: बाह्रखरी*

इतिहास खोतल्दै, भविष्य बनाउँदै गाइने दाइको सारंगी

“फ्रेञ्च संगीतशास्त्री मेरिल हेल्फरले ४३ वटा नेपाली कर्सा संकलन गरेका थिए । तर यस्ता कर्साहरू अहिले लोपोन्मुख अवस्थामा छन् । संगीतका पारखीहरूले यो खोज्नु जरुरी देखिन्छ । किनकि हाम्रो इतिहास कुनै न कुनै रुपले हाम्रो भविष्यसँग जोडिएको हुन्छ ।”

काठमाडौं/झण्डै तीन दशकअघिसम्म बागलुङका मोतीलाल गायकको काम नै गाउँगाउँ डुलेर सारंगीको तालमा विरहको गीत गाउनु थियो । चार वर्षअघि भौतिक शरीर छाडेर जानुअघि ७४ वर्षको उमेरसम्म पनि उनले आफ्नो पृथ्वीमा पेशा त्यागेनन् । उनले गीत गाउँदै गर्दा गाउँलेले नयाँ समाचार माथै पाउँदैनथे, एउटा विरही र वियोगान्त महोलको शुरुआत हुन्थ्यो । कसैले मोतीललाई पैसा दिन्थे, कसैले अन्न दिन्थे । उनको परिवार त्यही गन्धर्व पेशाबाट पालिएको थियो ।

त्यसो त गायक परिवारको धेरै पुस्ता यही सारंगीको धुनमा विरहको गीत गाएरै पालिएको हो । गाउँघरमा सामान्य खेतीपाती हुन्थ्यो । फुर्सद अएपछि मोतीलाल दुःखको सन्देश सुनाउन सारंगी बोकेर निस्कन्थे । तिथिमिति सहितको अभिलेख नभए पनि बागलुङ क्षेत्रमा झण्डै ३/४ दशकअघिसम्म पुल चुँडिएर कालीगण्डकीमा मान्छे बेपत्ता भएको कथा एकदमै चर्चित थियो ।

स्थानीय प्रविधिको पुल चुँडिएर डैमिनीघाटमा माथे संकर्दित मेला भर्न गएका कैयौं मान्छेहरूलाई पश्चिमको मडीगाडबाट गविजको भारी बोकेका गैंडाबाल पनि बेपत्ता भएका थिए । त्यो कहानीलाई सारंगीको तालमा सुनाउने तिनै मोतीलालले नेपालमा माथै नभएर आसामामा समेत सारंगी संस्कारअघि बढाएको उनका छोरा गोपाल गायक बताउँछन् । मोतीललाको समयसम्म सारंगी संस्कार परम्परागत रूपमा हस्तान्तरण हुँदै थियो । जब आधुनिकताले छोय्यो, उनका छोराहरूले सारंगी बजाउन भर्को मान्न थाले । मोतीललाको चाहना थियो- कुनै छोराले यो पेशाको जिम्मा लिइदिए हुन्थ्यो । तर, तीन छोराले यो पेशा अपनाएनन् ।

मोतीललाको अन्तिम श्वासंसँगै एउटा सिंगो इतिहासले बिट मार्ने जोखिम त्यतिबेला टन्यो जब उनका कान्छा छोरा गोपाल पिताको परम्परालाई आधुनिक स्वाद दिएर निरन्तरता दिन तयार भए । चार भइमध्ये कान्छो भएकोले पनि छोरा गोपालमाथि बाबुबाजेको विरासत धान्ने जिम्मेवारी बढी भयो । तर उनलाई तीन वर्षअघिसम्म पनि सारंगीको धुनसँग फिटिंकै लगाव थिएन ।

शारीरिक बशक्ततामा गुधारको बाटो बन्यो सारंगी

गोपाल साने उमेरमा बाबुसँगै भारतको आसाम गए । उनलाई सारंगीसँगै जीवन खोज्ने मनै थिएन । आसाममा केही वर्ष बितएपछि उनलाई एकैपटक धेरै पैसा कमाउने भूत चढ्यो र विदेशिन नेपाल आए । उनले काठमाडौंका धेरै भेनपावर चहारे । अन्ततः साउदी अरब जानको लागि भिसा लाग्यो । उनी साउदी त गए तर सोचेजस्तो कमाइ हुन सकेन ।

बस १५ महिना काम गरेपछि उनमा खुट्टा र हात सुनिने समस्या देखिन थाल्यो । शारीरिक समस्यासँगै उनको साउदी बसाइ पनि छोड्दियो र उनी नेपाल फर्किए । कुरा दुई वर्षअघिको हो, नेपाल फर्किएपछि उनले किडुनी ट्रान्सप्लान्ट गर्ने योजना बनाए । किडुनी दिने मान्छेको समस्या थियो । श्रीमती गीता किडुनी दिन तयार भइन् । उनले नेपालमै किडुनी ट्रान्सप्लान्ट गराए । यसपछि उनलाई विदेश जान मन लागेन । उनलाई बुवाको चाहानले झस्काया । पिताको सम्मानस्वरूप पृथ्वीली पेशालाई अगाडि बढाउने सोच बनाए । देश विदेश घुमेर कैयौं हण्डरठक्कर खाएपछि उनले थाहा पाए, सबैभन्दा उचित त आफ्नै पृथ्वीली पेशा पो रोछ्ह । यसरी उनी पछिल्लो डेढ वर्षदेखि आफ्नै पृथ्वीली पेशामा फर्किएका छन् ।

नयाँ पुस्तालाई पनि छुटाउँछ सारंगी

कुञ्जबार काठमुण्डित गोपालको पसलमा पुग्दा उनी भ्याइनभ्याइको अवस्थामा थिए । नयाँ पुस्ताले सारंगी मन पराउन थालेपछि उनको व्यवसाय फस्टाएको छ । नयाँ पुस्ताको हातमा पनि सारंगी सुहाउने उनको बुझाइ छ । 'भोलि दर्जनबढी सारंगी तयार पार्नुपर्ने डर्डर छ, आज त रातभर काम गर्नुपर्छ,' उनले भने, 'पछिल्लो समय युवापुस्ताले सारंगी सिक्ने र यसलाई व्यावसायिक बनाउन थालेपछि अलिले त व्यस्तता बढ्न थालेको छ ।'

शुरुको एक वर्ष उनले बागलुङमै बसेर सारंगी बनाउने काम गरे । तर त्यहाँमन्दा धेरै कमाइ काठमाडौंमा हुन्छ भन्ने सुनेपछि उनी पछिल्लो ६ महिनादेखि काठमाडौंमा व्यापार गरिरहेका छन् । गोपाल भन्छन्, 'काठमाडौं आउनेबित्तिकै कोरोना महामारीले लकडाउन भयो । तर दशैंपछि भने राम्रो व्यापार हुन थालेको छ ।' उनी दैनिक २०-२५ वटासम्म सारंगी बेच्छन् । यसबाट मसिक दुई लाख हराहारीमा आम्दानी हुने गरेको छ । काठमाडौंमा उनीसहित तीनजनाले यही पेशाबाट रोजगारी पाइरहेका छन् ।

सारंगीमै जीवन खोज्ने गन्धर्व जाति

गन्धर्बे गाज्रेर अघराहरू नान्ने परम्पराको प्रमाण हाम्रा धेरै धर्मशास्त्रमा भेटिन्छ । स्कन्ध पुराणमा पनि यसको प्रमाण भेटिन्छ । संगीतको उत्पत्ति भएको मानिने सामवेद होस् वा अन्य उपवेदमा पनि यस्तै बाजाको प्रचार धेरै पहिलेदेखि भएको पाइन्छ । वीणा होस् या सारंगी उस्तैखाले बाजाको चलन धेरै पहिलेदेखि चल्न थाल्यो । बिस्तारै यसको आकारमा परिवर्तन हुँदै आयो ।

सारंगीमा पनि अन्य बाजामा जस्तै सारेगमपधनि अर्थात् सातै सुरको नियम लागू हुने गोपाल बताउँछन् । उनका अनुसार पहिलेपहिले सारंगीको तार बाखाको आन्द्राबाट र बजाउने भाग घोडाको पुच्छरबाट तयार पार्ने गरिन्थ्यो । तर अहिले तारले नै बजाउने गरिन्छ । निर्माणमा नयाँ मोडल अपनाएपनि यसले दिने धुनमा भने मौलिकता रोखेको उनी बताउँछन् ।

चार वेदमध्ये सामवेदलाई सामगान पनि भनिन्छ । सामवेदमा पाँच स्वर मात्र प्रयोग हुन्थे । बेपत्ति विस्तारै गन्धर्व शैलीको संगीत विस्तार हुन थाल्यो । यसका प्रयोजन नारद, तुम्बुरु, विश्वावसु, चित्रसेन र अरु गन्धर्वहरू मिली अर्को एउटा गन्धर्वेद खडा गरे । जसलाई पञ्चम वेद वा उपवेद पनि भनिन्छ ।

चार उपवेदमा गन्धर्वेद प्रमुख मानिन्छ । यसैले सामगानपछि गन्धर्वेदलाई गन्धर्व गान भन्न थालियो देवता र गन्धर्वले मात्र गाइने भएकाले यसलाई मार्ग अर्थात् अध्यात्म-संगीत पनि भनिन्छ । शास्त्रीय-संगीतलाई आज पनि वैदिक संगीत भनेर गरिन्छ । धर्मग्रन्थहरूमा गन्धर्व जातिलाई गायक मानिएको छ । त्यसैले आफूहरूले पनि गायक थर राखेको बताउँछन् गोपाल ।

परम्परागत रूपमा गाइनेको

सम्मानसूचक शब्द मिजार थियो । मिजार शब्दले जातिगत रूप दर्शाएपनि गन्धर्व शब्दले गाउने र बजाउने पेशा लिएका अन्मवात कलाकार भनेर बुझाउँछ । इतिहासको विभिन्न कालखण्डमा सोझै गाइने भन्दा अरु नै शब्दको प्रयोग गरिएको पाइन्छ । पृथ्वी मल्लको शाके १२७९ को इन्ल्र कोटिस्तम्भको अभिलेखमा सर्व कर माफ गरिएको जातमध्ये 'गायक' को पनि उल्लेख भएको छ । गायक शब्दले गाइनक्लासँग सम्बद्ध जातिलाई जनाउँछ ।

यसैगरी जयस्थिति मल्लको अभिलेखमा पनि गायन शब्द कुँदिएको छ । यसले पनि गाउने पेशाको कुनै जातलाई जनाउँछ । पृथ्वीनारायण शहको नेपाल एकीकरण अभियानमा लडाईका सामग्री फिरिस्ता गाइनेको नाम र संख्या पनि किटिएको पाइन्छ । नुवाकोटको पहिलो हमलामा सारा गोर्खाली भारदारहरू सहित मनिराम गाइनेको नाम पनि आएको छ । यसबाट थाहा हुन्छ कि गन्धर्व (गाइने) जातिले पनि नेपाल एकीकरण र त्यसपछि पनि राष्ट्रिय एकता र सद्भाव कायम राख्नमा आफ्नो अमूल्य योगदान दिएका थिए ।

कर्साका वीरताको गाथा गाउने गाइनेहरू

सारंगी र वाद्यवादकहरू अझ विशेषगरी गन्धर्वहरूले वीरताको गाथा गाउने माध्यम हो कर्सा । कर्साको बारेमा नेपालमा पर्याप्त अध्ययन भएको छैन । कतिपय किंवदन्ती अनुसार गन्धर्वहरूले कर्सा गायनमार्फत एकीकरणका योद्धाहरूलाई जोस्याउँथे भन्ने हुन्न पाइन्छ । यसले नेपाल एकीकरणपूर्व नै कर्साको इतिहास शुरु भइसकेको उल्लेख गर्न सकिन्छ ।

फ्रेञ्च संगीतशास्त्री मेरिल हेल्फरले ४३ वटा नेपाली कर्सा संकलन गरेका थिए । तर यस्ता कर्साहरू अहिले लोपोन्मुख अवस्थामा छन् । संगीतका पारखीहरूले यो खोज्नु जरुरी देखिन्छ । किनकि हाम्रो इतिहास कुनै न कुनै रुपले हाम्रो भविष्यसँग जोडिएको हुन्छ ।

– साभार: अनलाईनखबर

घ्यु, चाकु खाएर मनाइयो माघे संक्रान्ति

काठमाडौं (रासस)/ माघ महिनाको पहिलो दिन शनिबार बिहान स्नान, जप, तप, ध्यान, साधना गरी घ्यु, चाकु खाएर माघे संक्रान्ति पर्व मनाइएको छ । सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने संक्रान्ति अर्थात् माघ १ गते मकर (माघे) संक्रान्तिका नाममा पनि वैदिक सनातन हिन्दू धर्मावलम्बीले सनातनदेखि कुल परम्पराअनुसार यो पर्व मनाउँदै आएका छन् ।

माघ १ गतेदेखि उत्तरायण सुरु हुने भएकाले दिनभन्दा क्रमशः रात छोटो हुँदै जान्छ । उत्तरायण सुरु हुने दिनको स्नान, जप, तप, ध्यान साधना, दान आदिलाई पुण्यदायक मानिन्छ । यसैले माघ १ का दिन देवघाट, त्रिशूली, कालीगण्डकी, वारमती, इन्द्रावती, त्रिवेणी, रिडीलगायत स्थानमा माघ स्नान गर्ने भक्तजनको भीड लाग्ने गरेकामा यस वर्ष कोरोना भाइरसको महामारीका कारण सीमित भक्तजनमात्र स्नान गर्न पुगेका थिए ।

देवघाटको मुख्यस्नान शुक्रबारदेखि नै शुरुगरी जयस्थिति मल्लको अभिलेखमा पनि गायन शब्द कुँदिएको छ । यसले पनि गाउने पेशाको कुनै जातलाई जनाउँछ । पृथ्वीनारायण शहको नेपाल एकीकरण अभियानमा लडाईका सामग्री फिरिस्ता गाइनेको नाम र संख्या पनि किटिएको पाइन्छ । नुवाकोटको पहिलो हमलामा सारा गोर्खाली भारदारहरू सहित मनिराम गाइनेको नाम पनि आएको छ । यसबाट थाहा हुन्छ कि गन्धर्व (गाइने) जातिले पनि नेपाल एकीकरण र त्यसपछि पनि राष्ट्रिय एकता र सद्भाव कायम राख्नमा आफ्नो अमूल्य योगदान दिएका थिए ।

कर्साका वीरताको गाथा गाउने गाइनेहरू

सारंगी र वाद्यवादकहरू अझ विशेषगरी गन्धर्वहरूले वीरताको गाथा गाउने माध्यम हो कर्सा । कर्साको बारेमा नेपालमा पर्याप्त अध्ययन भएको छैन । कतिपय किंवदन्ती अनुसार गन्धर्वहरूले कर्सा गायनमार्फत एकीकरणका योद्धाहरूलाई जोस्याउँथे भन्ने हुन्न पाइन्छ । यसले नेपाल एकीकरणपूर्व नै कर्साको इतिहास शुरु भइसकेको उल्लेख गर्न सकिन्छ ।

फ्रेञ्च संगीतशास्त्री मेरिल हेल्फरले ४३ वटा नेपाली कर्सा संकलन गरेका थिए । तर यस्ता कर्साहरू अहिले लोपोन्मुख अवस्थामा छन् । संगीतका पारखीहरूले यो खोज्नु जरुरी देखिन्छ । किनकि हाम्रो इतिहास कुनै न कुनै रुपले हाम्रो भविष्यसँग जोडिएको हुन्छ ।

– साभार: अनलाईनखबर

पर्यटन क्षेत्रमा कोभिड महामारीको सन्नाटा

काठमाडौं (रासस)/ कोभिड-१९ महामारीको पहिलो र दोस्रो लहरबाट नराम्ररी प्रभावित बनेको मुलुकको पर्यटन क्षेत्र बिस्तारै तङ्गिँदै गरेको अवस्थामा कोभिडको पछिल्लो नयाँ भेरियन्ट 'ओमिकोन' को त्रासले पुनः यो क्षेत्रमा सन्नाटा छाएको छ ।

पर्यटन क्षेत्रले बिस्तारै लय लिँदै गर्दा ओमिक्रोन भेरियन्टको त्रासले पुनः यो क्षेत्रलाई त्रसित बनाएको हो । पछिल्ला दिनमा निरन्तर बढिरहेको महामारीको आँकडाले व्यवसायी माथै हैन, आम सर्वसाधरणलाई चिन्तित तुल्याएको । कोरोना भाइरस संक्रमणको बढ्दो ग्राफले मुलुकको आर्थिक र सामाजिक क्षेत्रलाई फेरि पनि त्रसित बनाउने अँकलन गर्न थालिएको छ ।

महामारीको प्रतिकूल परिस्थितिकाबीच स्वास्थ्य मापदण्ड पालना गरेर पर्यटन व्यवसायलाई सञ्चालनमा राख्न व्यवसायीले माग गरेका छन् । कूल जनसंख्यामध्ये आधाभन्दा बढीले कोभिडविरुद्धको खोप लगाएको र पछिल्लो भेरियन्ट ड्रेल्टाजस्तो खतरा नभएको विज्ञले बताइरहेका छन् । तथापि, नयाँ भेरियन्टले चाँडो संक्रमण फैलने र माथको मध्यतिर अस्पतालमा बिरामीको चाप बढ्ने विज्ञको भनाइ छ ।

कोभिड संक्रमितको ग्राफ हेर्दा पछिल्ला १० दिनमा अत्यधिक संख्यामा संक्रमित बढेका छन् । यसको तेस्रो साता झण्डै ३०० हाराहारी संक्रमित रोकेको आँकडा पुस मसान्तसम्म पुग्दा पाँच हजार नाशिसकेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्यांकअनुसार पुस ३० गते पाँच हजार ८७ जना कोरोना भाइरस संक्रमित भेटिएका छन् ।

पछिल्ला दिनमा कोरोना भाइरस संक्रमितको संख्या पनि हवातै बढेपछि महामारी नियन्त्रणका लागि सरकारले सरोकारवाला निकायसँग छलफल गरिरहेको छ । यसै सन्दर्भमा पर्यटन क्षेत्रका व्यवसायीले स्वास्थ्य मापदण्डको पालना गरेर व्यवसायलाई निरन्तरता दिन माग गरेका छन् ।

साथै उनीहरूले कोरोना संक्रमण भन्दै हठात लकडाउन गर्ने जस्ता कार्यक्रमले विगतमा पर्यटन धराशायी भएको भन्दै त्यस्ता निर्णय नगर्न पनि सरकारसँग अनुरोध गरेका छन् । संक्रमण बढ्दै जाँदा सचेतना अपनाउने तथा खोपलाई प्रभावकारी बनाउँदै पर्यटनलाई चलायमान बनाउनुपर्ने व्यवसायीको सुझाव छ ।

होटल संघ नेपाल (हान) का प्रथम उपाध्यक्ष विनायक शाहले स्वास्थ्य सुरक्षा मापदण्डको पालना गरेर व्यवसायलाई निरन्तरता दिनुपर्ने बताए । उनले भने, “खोपको मात्रा आधाभन्दा बढी जनतंख्यले लगाइसकेका छन् । संक्रमण बढे पनि एकासी बन्दाबन्दी गर्नुहुँन । मापदण्ड अपनाएर व्यवसाय सञ्चालन गर्न दिनुपर्छ, अत्यधिक संक्रमण बढेका विश्वका अन्य मुलुकले पनि यही अभ्यास गरिरहेका छन् ।” स्वास्थ्य र आर्थिक क्षेत्रलाई कसरी अघि बढाउने भन्ने सम्बन्धमा सरकार र निजी क्षेत्रको समन्वयका साथ प्रभावकारी कदम अविलम्ब अघि बढाइनुपर्ने उपाध्यक्ष शाहको भनाइ छ ।

महामारीको त्रासले होटल क्षेत्र पनि सुनसान जस्तै छन् । विदेशी पर्यटक उल्लेख्य मात्रामा नआउँदा होटल खोल्नु र पाहुना कुर्नुपर्ने अवस्था मात्रै भएको एयरपोर्ट होटलका सञ्चालकसमेत रहेका उपाध्यक्ष शाहले बताए । “होटल व्यसाय सुस्त छ, व्यापार छैन, होटल खोलेर के गर्नु मानिसमा अन्यौलता छ”, उनले भने ।

विगतमा कोरोना भाइरस संक्रमण र सीमित क्षेत्र र साधनका बीचमा पनि सरोकारवाला निकायको समन्वयले महामारी नियन्त्रणमा सहजता भएको थियो । अहिलेका सन्दर्भमा सरकारी सेवा-सन्वलाई प्रभावकारी बनाउन र निजी क्षेत्रलाई विश्वासमा लिएर अघि बढ्नुको विकल्प देखिँदैन ।

नेपाल एशोसिएसन अफ टूर एण्ड ट्राभल एजेन्टस (नाह्टा) का अध्यक्ष अच्छुत गुरागाछे कोभिडविरुद्ध बुस्टर खोप बढाउन र स्वास्थ्य मापदण्डको पालना गर्दै पर्यटनलाई चलायमान बनाउनुको विकल्प नरहेको बताए । कोभिड-१९ का अघिल्लो लहरजस्तो यो पटकको भेरियन्ट बढी घातक नभएको विज्ञले बताइरहेको र खोपको मात्र बढेर, स्वास्थ्य मापदण्डको पालनामा पनि विशेष ध्यान दिइरहेको अवस्था भएकाले तत्कालै बन्दाबन्दीमा नगएर पर्यटन क्षेत्रलाई सञ्चालन गरिनुपर्ने नेपाल पर्वतारोहण संघ (एनएमए) का महासचिव क्लबबहादुर गुरुङले बताए । उनका अनुसार योपटक वसन्तकालीन 'सिङ्ग' पर्वतारोहणका लागि बुकिङ राम्रो छ । अघिल्लो वर्ष पनि यो सिजनका लागि बुकिङ राम्रो भए पनि बन्दाबन्दीले पर्वतारोहण राम्ररी सञ्चालन हुन नपाएको भन्दै महासचिव गुरुङले यसपटक वसन्तयामको पर्वतारोहणलाई लक्षित गरेर सरकारले बन्दाबन्दीको बाध्यतालाई विचार गरेको खण्डमा पर्यटन क्षेत्रलाई चलायमान बनाउनुको विकल्प नरहेको उल्लेख गरे । (सिङ्ग (मार्च, अप्रिल र मे महिना) सिजन सर्वोच्च शिखर सगरमाथा सहितका हिमाल आरोहणका लागि स्वदेशी र विदेशीको आकर्षण हुन्छ ।

ट्रेकिङ एजेन्सिज एशोसिएसन अफ नेपाल (टान) का अध्यक्ष खोमबहादुर सुवेदीले महामारीबाट सतर्कता अपनाएर व्यवसायलाई चलायमान बनाउन सरकार र निजी क्षेत्रले प्रभावकारी कार्ययोजनाका साथ काम गर्नुपर्ने खोपो औंल्याए ।

प्यासिफिक एशिया ट्रावल एशोसिएसन (पाटा) नेपाल च्याप्टर का प्रमुख कार्यकारी अधिकृत (सिइओ) सुरेशसिंह बडुवालले कोभिडको नयाँ भेरियन्टले पर्यटन क्षेत्रलाई त्रसित बनाएको र व्यवसायलाई कसरी सञ्चलन गर्ने भन्नेबारे सरकार र निजी क्षेत्रको समन्वय र सहकार्य जरुरी भएको बताए ।

पर्यटन व्यवसायी विजय अमात्यले कोभिडको अवस्थालाई हेर्दा पर्यटन प्रवर्द्धनको रणनीति परिवर्तन गर्न सुझाव दिए । यस्तै एक्सपिडिसन अपरेटर एशोसिएसनका अध्यक्ष डम्बर पराजुलीले पर्यटकलाई बोलाउने तर नेपाल आइसकेपछि समस्या नपर्ने खालले मापदण्ड बनाउनुपर्ने सुझाए ।

सामान्य बिरामीलाई अस्पताल नआउन आग्रह

चितवन (रासस)/ भरतपुर अस्पतालले सामान्य र पछि जाँच गराउँदा पनि हुने बिरामीलाई तत्काल अस्पताल नआउन आग्रह गरेको छ । अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट प्राडा कृष्णप्रसाद पौडेलले शनिबार एक विज्ञप्ति प्रकाशित गरी सामान्य प्रकृतिका बिरामीलाई तत्काल अस्पताल नआउन आग्रह गरेको हो ।

जिल्लामा संक्रमण दर अत्यधिक बढेको उल्लेख गर्दै विज्ञप्तिमा भनिएको छ, "कोभिड-१९ को तेस्रो लहरस्वरुप विगत केही दिनदेखि नेपालमा कोभिड संक्रमितको संख्या तीव्र गतिमा बढ्दै गइरहेको सबैलाई जानकारी नै छ ।"

काठमाडौंको त्रिचि टिचिङ र वीर अस्पतालमा चिकित्सक र स्वास्थ्यकर्मी पनि ठूलो संख्यामा संकमित भएको तथ्यांकलेसमेत अस्पतालमा एकअर्काबाट संक्रमण फैलनसक्ने सम्भावना बढ्दै गएको विज्ञप्तिमा उल्लेख छ । विज्ञप्तिमा भनिएको छ, "यस सन्दर्भमा सामान्य र पछि जाँच गराउँदा पनि हुने प्रकृतिका बिरामी अस्पताल आउने समय पछि सार्नु उपयुक्त हुन्छ ।"

भरतपुर अस्पतालमा पछिल्लो दुई दिनको परीक्षणमा देखिएको कोभिड पोजिटिभ दर अति उच्च रहेको उल्लेख गर्दै पुस २९ गते १७२ जनाको परीक्षणमा ९५ जना अर्थात ५५ प्रतिशतमा पोजिटिभ देखिएको जनाइएको छ । त्यस्तै पुस ३० गतेको १८६ जनामा गरिएको परीक्षणमा ११५ जना अर्थात ६१.२५ प्रतिशतमा पोजिटिभ देखिएको छ । भरतपुर अस्पताल केन्द्रीय अस्पताल हो ।

चितवनसहित छिमेकी १९ जिल्लाबाट बिरामी उपचारका लागि आउने गर्दछन् । यसअघिका कोभिडको संक्रमण उच्च हुँदा धेरैको उपचार गरिएको थियो । कोभिड संक्रमण सुरु अघुडि नियमित संकमितको उपचार अस्पतालमा हुँदै आएको छ ।

‘श्वेत पर्वत’ लोकार्पण

काठमाडौं (रासस)/ लेखक विष्णुप्रसाद शर्मा पराजुलीद्वारा लेखिएको पुस्तक 'श्वेत पर्वत' शनिबार बजारमा आएको छ । भूँडीपुराण प्रकाशनले प्रकाशन गरेको उक्त पुस्तक नेपाल पञ्जाप्रतिष्ठानका उपकुलपति डा. जगमान गुरुङले लोकार्पण गरे ।

तीनसय सत्ताइस पृष्ठको उक्त पुस्तकमा मनाङ र मुस्ताङमा मानव सभ्यताको विकास १० हजार वर्षदेखि भएकाले त्यहाँको मावन सभ्यताको अनुसन्धान गर्नु आवश्यक भएकामा जोड दिइएको छ ।

उपकुलपति गुरुङले कालिगण्डकीको करिडोर नै मानव सभ्यताको उद्गमस्थल भएकाले त्यहाँको अध्ययन हुनुपर्ने आवश्यकता औंल्याए । वरिष्ठ पत्रकार प्रा रामकृष्ण प्रदेश सरकारले चासो देखाउनुपर्ने धारणा व्यक्त गरे ।

लेखक पराजुलीले विभिन्न धार्मिकग्रन्थ र विदेशी लेखकका पुस्तकसमेतको आधार लिएर यो पुस्तक लेखिएको जानकारी दिए । हिमाली क्षेत्रमा गरिएको पदयात्राको यथार्थ शब्दचित्र प्रस्तुत पुस्तकमा रोखेको राससका पूर्वमहाप्रबन्धक श्रीरामसिंह बस्नेतले बताऐ ।

२४ औं भूकम्प सुरक्षा दिवस २०७८ को अवसरमा

हेटौंडा उपमहानगरपालिकाद्वारा नगरबासीहरुमा जारी गरिएको

प्रतिबद्धतासम्बन्धी सूचना

“भूकम्पीय सचेतना, सुरक्षित संरचना”

क) म भूकम्पीय जोखिमबाट सुरक्षित हुने उपायहरु सिक्नेछु र परिवारका सबै सदस्यहरुलाई सिकाउने छु ।
ख) मैले बनाउने घर भूकम्प प्रतिरोधी बनाउनेछु ।
ग) मेरो अहिले भइरहेको घरलाई भूकम्पीय प्रबलीकरण गर्नेछु ।
घ) मेरो समुदायमा भूकम्प प्रतिरोधसम्बन्धी जनचेतना अभिबृद्धिमा लाउनेछु ।

“घर बलियो बनाऔं, जनधन सुरक्षित गरौं ।”
“घरको पिल्लर/बिम बलियो बनाऔं, भूकम्पबाट बचौं ।”

“भूकम्पले मान्छे मार्दैन, मान्छेले नै निर्माण गरेको संरचनाले मार्न सक्छ । त्यसैले भूकम्पीय सुरक्षित भवन निर्माण गरौं, आफ्नो धन जनलाई सुरक्षित गरौं ।” हेटौंडा उपमहानगरपालिकाद्वारा जारी गरिएको मापदण्ड पालना गरौं र नक्सा पास गरी भवन निर्माण गर्ने बानी बसालौं ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सितैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

सम्बन्धितलाई प्रहरीले बुझायो हराएको सामग्री

साझाकुरा संवाददाता

हेटौंडा/बिल्ला प्रहरी कार्यालय मकवानपुरले विभिन्न मितिमा हराएको स्कुटर र ब्याक फेला पारी सम्बन्धित धनीलाई बुझाइएको छ ।

कार्यालयले गत पुस २२ गते हेटौंडा उपमहानगरपालिका-४ स्थित पार्किङ्ग गरी राखेको ठाउँबाट हराएको बा ६६ प ५०३३ नम्बर को स्कुटर फेला पारी सम्बन्ति धनीलाई बुझाइएको हो ।

चितवनको भरतपुर महानगरपालिका वडा नम्बर ११ बस्ने निर्मल सिंह ठकुरीले उक्त स्कुटर हराइएको भनि जिल्ला प्रहरी कार्यालयमा निवेदन दिएका थिए ।

सोही निवेदनको आधार स्कुटरको खोजी गर्दा गत पुस २६ गते हेटौंडा उपमहानगरपालिका वडा नम्बर १७ स्थित बेवारिसे अवस्थामा फेला परी शुक्रबार सम्बन्धित धनीलाई बुझाएको जिल्ला प्रहरी कार्यालय मकवानपुर का प्रहरी नायब उपरीक्षक जयश्वर रिमालले जानकारी दिए ।

प्रहरीले हेटौंडा उपमहानगरपालिका वडा नम्बर १० बस्ने निर्मला लामाको हराएको ब्याक पनि फेला पारी बुझाइएको छ ।

लामाको शुक्रबार बिहान हेटौंडा-४ स्थित सडकमा मोबाईल, एटिएम कार्ड, नगद १७ हजार रुपैयाँ र कागजातहरु भएको ब्याक हराएको भनि जानकारी गराएपश्चात खोजी गर्दा फेला परेपछि उक्त सामान फेला पारी बुझाइएको प्रहरी नायब उपरीक्षक रिमालले बताए ।

थाहाका विद्यालयमा जाडो बिदा

साझाकुरा संवाददाता

हेटौंडा/दोस्रो त्रैमसिक परीक्षा सकाएका मकवानपुरको उत्तरी क्षेत्रस्थित थाहानगरका निजी विद्यालयहरु माघ ८ गतेसम्म हिउँदे (जाडो) बिदा दिने निजी तथा आवासीय विद्यालय अर्गानाइजेशन नेपाल (प्याब्सन) थाहा नगर कमिटीले निर्णय गरेको छ ।

प्याब्सन नगर कमिटीको शनिबार बसेको कार्यसमिति बैठकले परीक्षा सकाएका विद्यालयहरु माघ ८ गतेसम्म बिदा गर्ने निर्णय भएको नगर सचिव संगम कार्कीले जानकारी दिए । प्याब्सनले पूर्वबत निर्णय अनुसार परीक्षा लिन बाँकी वा भइरहेका विद्यालयहरुले भने सम्बन्धित विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा सरोकारवाला निकायहरुसँग समन्वय गरी परीक्षा संचालनको प्रबन्ध गर्न भनिएको छ ।

बिदा अवधिमा आफ्ना बालबालिकाहरुलाई घरमै शिक्षण सिकाइका गतिविधिहरु संचालन गराउन र कोरोनाको संक्रमणबाट बचाउन समेत अभिभावकहरुलाई आग्रह गर्दै प्याब्सन थाहानगर अध्यक्ष सुरेन्द्रमान प्रधानद्वारा हस्ताक्षरित सूचना प्रकाशित गरेको छ ।

शनिबार थपिए ६२ कोरोना संक्रमित

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरमा शनिबार थप ६२ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ ।

९४ जनाले पीसीआर विधिबाट परीक्षण गर्दा ६२ जनामा कोरोना पोजेटिभ देखिएको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । पछिल्लो २४ घण्टामा हेटौंडा उपमहानगरपालिका र मकवानपुरगढी गाउँपालिकाका रहेका छन् ।

जसमा सबैभन्दा बढी हेटौंडा उपमहानगरपालिकाका ५१ जना र मकवानपुरगढीका एक जना रहेको स्वास्थ्य कार्यालय मकवानपुर ले जनाएको छ ।

यसमै जिल्लामा सक्रिय कोरोना संक्रमितको संख्या ३ सय ६४ जना पुगेको छ । जसमा ४ जना अस्पतालमा र बाँकी ३ सय ६० जना घरमै उपचाररत छन् ।

मनाइयो माघे संक्रान्ति

साझाकुरा संवाददाता

हेटौंडा/शनिबार देशभर यस वर्षको माघे संक्रान्ति मनाइएको छ ।

थारु समुदायले माघ १ गतेलाई नयाँ वर्षका रुपमा धुमधामका साथ स्नान, दान, एवम् खानपिन र रमाइलो गरेर माघी पर्व मनाउका छन् ।

सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने संक्रान्ति भएकाले शनिबारका दिनलाई मकर संक्रान्ति पनि भनिन्छ । माघ १ गतेदेखि उत्तरायण सुरु हुने भएकाले दिनभन्दा रात छोटा हुँदै आन्छन् । धार्मिक मान्यताहरुका अनुसार उत्तरायण शुरु हुने दिनको स्नान, जप, तप, ध्यान साधना, दान आदिलाई पुण्यदायक मानिन्छ ।

संक्रान्तिमा पवित्र नदी रोकेर स्वास्थ्य कार्यालय मकवानपुर ले जनाएको छ ।

विविध परिकार खाने गरिएको हो । यी खानाले विदोष नाश हुने धार्मिक विश्वास छ ।

संक्रान्तिमा देवघाट, त्रिशुली, कालीगण्डकी, बागमती लगायतका नदीहरुमा माघ स्नान गर्ने अघिल्ला वर्षहरु झैं भक्तजनको भीड लागेको छ । यी ठाउँमा शनिबार विशेष मेलासमेत लाग्ने गर्छ । तराईवासीले माघ १ लाई नहान अर्थात् नुहाउने पर्वका रुपमा मनाएका छन् । बिहानै तीर्थस्थलमा गई स्नान गरेर तिल दान गर्नाले सुन दान गरे सरहको पुण्य प्राप्त हुने धार्मिक विश्वास छ ।

उत्तरायण भएपछि शुभकर्म गर्न उत्तम मानिन्छ । आज स्नान, दान, व्रत, ध्यान गर्ने व्यक्तिले पुण्य प्राप्त गरी मनकामना पूर्ण हुने जन विश्वास छ । महाभारतको युद्धमा मृत्यु श्ययामा पुगेका भीष्मले इच्छा मृत्युको वरदान पाएअनुसार सूर्य उत्तरायणपछि नै शरीर त्यागेको पौराणिक मान्यता छ ।

यो दिन भक्तपुरको तिलमाधव नारायणस्थान लगायतका तीर्थस्थलमा पनि मेला लाग्ने गर्दछ ।

भलिबलका लागि प्यारापिट निर्माण सुरू

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगरपालिकाको लगानीमा हेटौंडा-४ हुप्चौरीस्थित भलिबल कोर्ट क्षेत्रभित्र प्यारापिट निर्माण सुरु गरिएको छ ।

शनिबार हेटौंडा उपमहानगर प्रमुख हरिबहादुर महतले प्यारापिट निर्माणको शिलान्यास गरेका छन् । प्यारापिट निर्माणका लागि उपमहानगरपालिकाले २५ लाख रुपैयाँ बजेट बिनियोजन गरेको छ ।

हेटौंडा नगर खेलकुद विकास समितिको अगुवाइमा ७ सदस्यीय भलिबल प्यारापिट निर्माण उपभोक्ता समिति गठनपछि निर्माण कार्य सुरु गरिएको हो । २० मिटर

लम्बाई र ३.६० मिटर चौडाईको प्यारापिट निर्माण गर्न लागिएको उपभोक्ता समितिका अध्यक्ष सविन श्रेष्ठले बताए । प्यारापिट निर्माणका लागि उपभोक्ता समितिको ४ लाख ४८ हजार रुपैयाँ लागत सहभागिता रहनेछ । भलिबल कोर्टको चरैतिर तारजाली लगाउने काम पनि सोही बजेटबाट हुने योजना बनाइएको छ ।

प्यारापिट निर्माणको लागि नगर खेलकुद विकास समितिका सदस्य बिक्रम लामिछानेको संयोजकत्वमा ३ सदस्यीय अनुगमन समिति समेत निर्माण गरिएको नगर खेलकुद विकास समितिका अध्यक्ष चन्द्र शाहीले बताए । प्यारापिट शिलान्यास कार्यक्रममा मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष सानु लामालगायतको उपस्थित थिए ।

लागूऔषध गाँजासहित दुई पक्राउ

धादिङ (रासस)/गजुरी गाउँपालिका-२ मलेखु बजारबाट लागूऔषध गाँजासहित दुई जनालाई प्रहरीले शनिबार बिहान पक्राउ गरेको छ ।

प्रहरी चौकी मलेखुबाट खटिएको प्रहरी सहायक निरीक्षक सन्तोष खड्काको टोली पैदल गस्ती गर्दै जाने क्रममा मलेखु बजारबाट लागूऔषध आठ किलो १३० ग्राम गाँजासहित दुई जनालाई पक्राउ गर को हो ।

पक्राउ पर्नेमा गजुरी गाउँपालिका-२ मजुवाडाँडाका २१ वर्षीय सुन्दर तामाङ र १९ वर्षीय किसान परियार रहेका छन् । तामाङले बोकेको पछाडि भिर्ने झोलाभित्र चार किलोझाट २०० ग्राम र परियारले बोकेको काली बेरको बसो देखिने पछाडि भिर्ने झोलाभित्र तीन किलो ९३० ग्राम लागूऔषध गाँजा फेला परेकाले लागूऔषध गाँजा बरामद गरी पक्राउ गरिएको इनाका प्रहरी कार्यालय गजुरीका प्रहरी नायब उपरीक्षक भावेश रिमालले बताए ।

पृथ्वी राजमार्गमाबाट ताल्ती आउने जाने सडकखण्डमा पृथ्वी राजमार्गको दक्षिण किनारामा झोला बोकी काठमाडौँबाट मुस्लिनतर्फ जाने गाडी कुरी बसिर हेकामा अवस्थामा प्रहरी टोली देखेपश्चात शंकाास्पद व्यवहार देखाएकाले उनीहरूले बोकेको झोला र शरीरसमेत खानतलासी लिंदा लागूऔषध फेला परेको प्रहरीको भनाइ छ ।

पक्राउ परेकाहरूलाई प्रतिबन्धित लागूऔषध ओसारपसार मुद्दामा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

पुरुषतर्फ आर्मी र महिलातर्फ एपिएफलाई उपाधि

कास्की (रासस)/पोखरामा सञ्चालन भएको दोस्रो संस्करणको 'टाइगर कप आमन्त्रित खुला महिला तथा पुरुष भलिबल' प्रतियोगितामा पुरुषतर्फ त्रिभुवन आर्मी क्लब र महिलातर्फ सशस्त्र प्रहरीको एपिएफ क्लबले उपाधि जितेका छन् ।

टाइगर ग्रुप अफ पोखराका आयोजनामा यही पुस २६ गते देखि सञ्चालन भएको प्रतियोगितामा आज सम्पन्न फाइनल खेलमा पुरुषतर्फ आर्मीले टिएटप हेल्प नेपाल स्पोर्ट्स क्लबमाथि ३-१ को सेटमा जीत निकाल्दै च्याम्पियन बन्न सफल भएको हो ।

उपाधि विजेता आर्मीले तीन लाखसहित ट्फी र मेडल प्राप्त गर्न सफल भये भने उपविजेता टिएटप्ले एक लाख ५० हजारसहित ट्फी र मेडल प्राप्त गरेको छ । आर्मीले टिएटप्लाई २५-१८, २४-२६, २५-१८ र २५-१९ अंकले पर ाजित गरेको हो । महिलातर्फको उपाधिका लागि दुई विभागीय टोलीबीचको खेलमा एपिएफले नेपाल आर्मीलाई ३-० को सीधो सेटमा परजित गर्दै उपाधि आफ्नो पोल्टामा पार्न सफल भएको हो ।

एपिएफले आर्मीलाई २५-२३, २४-१५ र २५-२० को सीधो सेटमा परजित गर्न सफल भयो । उपाधि विजेता एपिएफले तीन लाखसहित ट्फी र उपविजेता आर्मीले एक लाख ५० हजार पुर स्कार पायो । प्रतियोगितामा महिलातर्फ होङ्गान्जी न्यू डायमन्ड स्पोर्ट्स क्लब ७५ हजार तथा चौथो भएको पुलिसले ३५ हजार पुरस्कार प्राप्त गर्न सफल भयो । पुरुषतर्फ नेपाल पुलिस तृतीय र आयोजक गण्डकी प्रदेश चौथो स्थान प्राप्त गरी क्रमशः ७५ हजार र ३५ हजार पुरस्कार प्राप्त गरे ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी पुरुषतर्फ आर्मीका दानबहादुर बुढा क्षेत्री र महिलातर्फ एपिएफका सरस्वती चौधरी घोषित हुँदै जनही २५ हजार पुरस्कार पाए । विभिन्न विधाका उत्कृष्ट खेलाडीलाई पनि नगदसहित पुरस्कृत गरिएको थियो ।

महिलातर्फ उत्कृष्ट सर्भर एपिएफका निस्ता ठगुन्ना, सेटर आर्मीका कृपा अधिकारी, ब्लकर एपिएफका हीरा केसी, लिब्रो न्यू डायमण्डका शलिना श्रेष्ठ, स्पाइकरमा आर्मीका शान्तिकुमारी थारू र प्रशिक्षकमा एपिएफका महेश चौधरी घोषित हुँदै जनही १० हजार पुरस्कार प्राप्त गरे ।

यसैगरी पुरुषतर्फ उत्कृष्ट सेटर नेपाल प्रहरीका इमबहादुर र ाना, सर्भर आर्मीका हरिहजुर थापा, ब्लकर टिएटपका अमित गुलिया, लिब्रो आर्मीका ईश्वर थापा, स्पाइकर टिएटपका विनितकुमार चौधरी र प्रशिक्षक आर्मीका जगतबहादुर सिंह घोषित हुँदै जनही १० हजारका दरले पुरस्कार प्राप्त गरे । प्रतियोगितामा महिला तथा पुरुषतर्फ पाँच-पाँच बटा टोली गरी १० टोलीको सहभागिता रहेको थियो ।

प्रतियोगिताको विजयी टोली तथा सर्वोत्कृष्ट खेलाडी र उत्कृष्ट खेलाडीलाई गण्डकी प्रदेशका निर्वतमान मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ, नेपाल भलिबल संघका अध्यक्ष मनोरञ्जन रमण शर्मा, साउथ एशियन सेन्टर भलिबल एसोसिएशनका अध्यक्ष मोहम्मद लतिफ, नेपाल भलिबल सैका महासचिव जितेन्द्रबहादुर चन्द, राखेप बोर्ड सदस्य राजेशकुमार गुरुङ, आयोजक टाइगर ग्रुपका अध्यक्ष नारायण प्रसाद शर्मालगायतले पुरस्कार वितरण गरेका थिए ।

लिपुलेक विवादबारे भारतको स्पष्टीकरण

काठमाडौं (रासस)/भारत सरकारले नेपालसँगको सिमानाका सम्बन्धमा आफ्नो धारणा सार्वजनिक रूपमा यथावत र स्पष्ट रहेको बताएको छ । भारत-नेपाल सीमा समस्याबारे हालै नेपालमा सार्वजनिक भएका समाचार एवं वक्तव्यबारे यहाँस्थित भारतीय राजदूतावासले दुई मुलुकबीच स्थापित अन्तर सरकारी संयन्त्ररू वार्ता तथा संवादका लागि सबैभन्दा उपयुक्त माध्यम हुन् भने धारणा प्रदर्शाएको छ ।

HETAUDA CITY HOSPITAL PVT.LTD.

Hetauda-1, Sub-metropolitan

Phone: 057-520315

VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

S.No.	Designation	No.	Salary (Rs)	Min. Qualifications
1	Staff Nurse	Few	14000-18000	PCL/NHPC registered
2	Lab Technologist	1	18000-25000	BMLT/NHPC registered
3	CMA/ANM	Few	Negotiable	TSLC

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

प्रदेश खेलकुद विकास परिषद

बागमती प्रदेश,

हेटौंडा

फोन नं:- ०५७-५३०५३५

क्याटलग सपिङ्ग विधिबाट सवारी (चार पाङ्ग्रे) खरिदसम्बन्धी शिलबन्दी प्रस्ताव आव्हानको सूचना

प्रथमपटक प्रकाशित मिति: २०७८/१०/०२

यस प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेश, हेटौंडाले देहायबमोजिमको चार पाङ्ग्रे सवारी साधनसार्वजनिक खरिद ऐन २०६३ (संसोधनसहित) को दफा ८ को उपदफा १ (क)(८) तथा सार्वजनिक खरिद नियमावली २०६४ (संसोधनसहित) को नियम ३१ (ख) बमोजिम उत्पादक वा अधिकृत विक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिम सवारीको उत्पादकको आधिकारिक स्पेशिफिकेसन, गुणस्तर र कम्पनीको आधिकारिक मूल्य खुल्ने कागजात (क्याटलग वा ब्रोसर) संलग्न राखी तपसिलमा उल्लेख भएबमोजिम प्रस्ताव दर्ता गराउनु हुन सम्बन्धित उत्पादक वा आधिकारिक विक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. शिलबन्दी प्रस्तावसम्बन्धी कागजात यस कार्यालयबाट नि:शुल्क प्राप्त गर्न सकिनेछ ।

२. उक्त प्रस्ताव निनका लागि इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारिक विकताहरुले आफ्नो फर्म/कम्पनी दर्ता, भ्याट दर्ता, एजेन्सी दर्ता प्रमाणपत्र, Letter of Authorization र आ.व. २०७७/७८ को आयकर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु तथा फर्म/कम्पनीको अनुरोध पत्रसहित सूचना प्रकाशित भएको मितिले दशौं दिन (मिति २०७८/१०/११)सम्म कार्यालय समयभित्र प्राप्त गर्न सकिने छ ।

३. यो सूचना प्रथमपटक प्रकाशित भएको एघारौं दिन (मिति २०७८/१०/१२) दिउसो १२:०० बजेभित्र यस कार्यालयमा शिलबन्दी प्रस्ताव दर्ता गराई सबनु पर्नेछ र दर्ता भएको शिलबन्दी प्रस्ताव सोही दिन १३:०० बजे खोलिनेछ ।

४. साथै सूचिकृत नभएको उत्पादक वा अधिकृत विक्रेता कम्पनीहरुको सूचिकृत गराई उल्लेखित शिलबन्दी प्रस्ताव पेश गर्न सकिने व्यहोरासमेत जानकारी गराइन्छ ।

५. सवारीको विस्तृत स्पेसिफिकेसन यस कार्यालयको सूचना पाटीमा सूचना टाँस गरिएको छ । साथै आवश्यक भएमा आवेदक समेतले १/१ प्रति यस कार्यालयबाट प्राप्त गर्न सक्नेछ ।

मोबाइल प्रदुषण अनुगमन सवारीको विवरण:

क.सं.	ठेक्का नं	सवारी साधनको नाम	संक्षिप्त विवरण	संख्या	कैफियत
१	VFTC-H/Cat/01/2078/079	मोबाइल प्रदूषण अनुगमन सवारी(चार पाङ्ग्रे)	• Max. Power output at governed RPM: Not lss than 120 BHP. • Max. Torque output at governed RPM: not less than 250 Nm. • Ground Clearance: Minimum 180 mm. • Transmission: Manual shift at least five forward and one reverse	१ (एक)	संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुनेछ ।

सदस्य सचिव



गोर्खाली ट्रेड एण्ड सप्लायर्स

हेटौंडा-४, रजतजयन्ती, फोन: ९८४१७७१६६४, ९८५४०३१६६४

नवीकरण सम्बन्धि सूचना

उपरोक्त सम्बन्धमा यस संघ अन्तर्गत रहेका सम्पूर्ण निर्माण व्यवसायीहरुको आ.व. २०७८/०७९ को लागि इजाजत पत्र नवीकरण गर्ने कार्य यही माघ मसान्तसम्म रहेको हुनाले माघ मसान्तभित्र नवीकरण गरिसक्नु हुन अनुरोध गरिन्छ । अन्यथा सिफारिस नलिने तथा नवीकरण नगर्ने फर्म कम्पनीहरुलाई संघबाट दिइने सेवा सुविधाबाट वञ्चित गराउनुको साथै यस संघको विधानको आचारसंहिता बमोजिमसमेत हुने जानकारी गराइन्छ ।

निर्माण व्यवसायी संघ मकवानपुर

हेटौंडा, मकवानपुर

www.sajhakuranews.com

साझाकुरा

"तपाईं, हामी सबैको कुरा "

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

खुल्यो ! खुल्यो

नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै

लोकल कुखुरा लगायत मासुको आइटमको मीठो स्वाद

अब होटल म्याक्समा

होटल MAX

हेटौंडा-३, बसामाडी, मो.नं. ९८४५०२५७२७

साझाकुरा राष्ट्रिय दैनिकका लागि **रविन ग्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**. कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना